# भीरकोट नगरपालिका संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०७५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ठ) र भीरकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरी भीरकोट नगरपालिका नगर कार्यपालिकाको मिति २०७५।१२।०८ को बैठकवाट यो कार्यविधि पारित गरिएको छ ।

कार्यपालिका बैठकबाट स्वीकृत मिति २०७५।१२।०८

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "भीरकोट नगरपालिका संस्था दर्ततथा नवीकरण कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक,सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तारगर्ने / उद्देश्यले स्थापना भएको संघ संस्था, क्लव, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई सम्झनुपर्छ।

(ख) "स्थानीय अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ग) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ।

(घ) "कार्यक्षेत्र" भन्नाले भीरकोट नगरपालिकालाई कार्य क्षेत्र वनाई मुख्य कार्यालय नगरपालिका क्षेत्र भित्र सञ्चालन भएकोलाई सम्झनुपर्छ ।

**३.दर्ता नगरी संस्था खोल्न नहुनेः** यस कार्यविधि वमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुदैन।

**४. संस्था दर्ताः**

(१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुले संस्था सम्वन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको अनुसूची-१ को ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको नामः-

(ख) संस्थाको उद्देश्यहरुः-

(ग) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशाः-

(घ) आर्थिक श्रोतः-

(ङ) कार्यालयको ठेगानाः-

(२) नियम (१) बमोजिमको निवदेन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा अनुसूची–२ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नुपर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची–३ बमोजिमको दर्ताको प्रमाण पत्र दिइनेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को निवेदनलाई सूचना दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतीस दिनभित्र त्यस्तो निर्णय उपर नगर प्रमुख समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको उजूर प्राप्त भएपछि प्रमुखले आवश्यक जाँचवुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस नियम अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर नियम ४.१ वमोजिम हुनेछ।

४.१ दर्ताको अवधि, नवीकरण र दस्तुरः

(१) नियम ४ (२) बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्ष सम्म वहाल रहनेछ।

(२) उपनियम (१) वमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्वन्धित व्यक्तिले स्थानीय अधिकारीवाट तोकिएको दस्तुर तिरी दर्ताको प्रमाण–पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) वमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) वमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नविकरण गरी दिन सक्नेछ ।

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. ५००/-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु.१०००/-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु १०००/- का दरले दुई आर्थिक वर्षको लागि रु २०००/-

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नविकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैंयाका दरले थप जरिवाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण–पत्र नविकरण गरिदिन सक्नेछ।

(५) दर्ताको प्रमाण–पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नुपर्नेछ ।

(६) उपनियम (३) बमोजिम दर्ताको प्रमाण–पत्र नवीकरण गरेको व्यहोरा अभिलेखमा जनाउनु पर्नेछ ।

५. संगठित संस्था मानिने:

(१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सवै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ सो उपर पनि सोही नामवाट नालिस उजुर लाग्नेछ ।

६.संस्थाको सम्पत्ति:

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राखेवाट लिई संस्थालाई फिर्ता वुझाई दिन सक्नेछ ।

(२) उपनियम (१) वमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाईमा चित्त नवुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेकोमा संस्था, संस्थाको कुनै सदस्यलाई स्थानीय अधिकारीले प्रचलित कानून वमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

७.अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने:-कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून वमोजिम दर्ता नभई स्थापना भईरहेका संस्थाले यो कार्यविधि प्रारम्भ भएको मितिले तीन महीना भित्र कार्यविधि वमोजिम दर्ता गराउनु पर्नेछ ।

८.संस्थाको उद्देश्यहरुमा हेरफेर:

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्वन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान वमोजिम साधारण सभा वोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभावाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९.हिसावको विवरण पठाउनुपर्ने:- प्रवन्ध समितिले आफ्नो संस्थाको हिसावको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

१०.हिसाव जाँच गर्ने: (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम हिसाव जाँच गराए वापत स्थानीय अधिकारीले हिसाव जाँचवाट देखिन आएको संस्थाको मौज्दात रकमको सय कडा तीन प्रतिशतमा नवढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीवाट सो हानी नोक्सानी असुल गर्न प्रचलित प्रकानून बमोजिम कार्वाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ।

११.निर्देशन दिनेः-भीरकोट नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. दण्ड सजायः

(१) नियम ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा नियम ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही एक हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) नियम ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले नियम ९ उल्लघन हुन नदिन सकभर प्रयात्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) नियम १० को उपनियम (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचसय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(४) नियम ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेरगरेमा अर्को संस्थासंग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ।

१३. पुनरावेदनःनियम १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१४. संस्थाको विघटन र त्यस्को परिणामः

(१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण  जायजेथा भीरकोट नगरपालिकामा सर्नेछ ।

(२) उपनियम (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व भीरकोट नगरपालिकाले व्यहोर्नेछ ।

१५. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने:कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

अनुसूची-१

(नियम ३ संग सम्वन्धित)

## निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत, मिति

भीरकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

वयरघारी, स्याङ्जा ।

महोदय,

हामीले ........................................................... सम्वन्धी संस्था खोल्न चाहेकोले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेद गरेका छौ । प्रस्तावित संस्थाको विधानको एक प्रति पनि यसै साथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नामः

२. संस्थाको उद्देश्य

क.

ख.

ग.

घ.

३ प्रववन्ध समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| क. | | |
| ख. | | |
| ग. | | |

४. आर्थिक स्रोतः-

५. कार्यालयको ठेगाना

मिति निवेदक

अनूसूची-२

(नियम ३ संग सम्बन्धित)

दर्ता कितावको ढाँचा

<u>संस्थाको दर्ता किताब</u>

| दर्ता नं | मिति | संस्थाको नाम र ठेगाना | संस्था रहेको स्थान | संस्थाको किसिम | संस्था दर्ता गर्ने पदाधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनूसूची-३

(नियम ४ संग सम्बन्धित)

प्रमाण पत्रको ढाँचा

## संस्थाको दर्ताको प्रमाण-पत्र

दर्ता नं.................. मिति.....................

................................................ (संस्थाको नाम स्थानीय सरकार सञ्चालन ऐन, २०६४ को दफा ११ को उपदफा ४, खण्ड (ठ) वमोजिम वमोजिम ........................ साल ..................... महिना ...................... गतेमा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

प्रमाणित गर्ने

नामथरः-

पदः- प्रमुख प्रशासकीय अधिकृत

कार्यालयः-

## नविकरण

| मिति | प्रमाण पत्र वहाल रहने अवधि | नविकरण दस्तुर | नविकरण गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |